# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(................................ शाखा)

योजना, अनुसन्धान तथा अनुगमन विभाग

रामशाहपथ काठमाडौं

पत्र संख्या :- ०७५/०७६

चलानी नं. :- ४५

मिति :- २०७५।०४।०१

विषय : वार्षिक कार्ययोजना स्वीकृत सम्बन्धमा ।

श्री उच्च सरकारी वकील कार्यालयहरु ।
श्री विशेष सरकारी वकील कार्यालय ।
श्री जिल्ला सरकारी वकील कार्यालयहरु ।

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७३।७४-२०७७।७८) कार्यान्वयनका लागि मातहत सरकारी वकील कार्यालयहरुलाई आर्थिक वर्ष २०७५।०७६ को वार्षिक कार्ययोजना तयार गरी २०७५ असार १५ गते भित्र स्वीकृतिको लागि यस कार्यालयमा पठाउने भनी मिति २०७५।२।८ मा महान्यायाधिवक्ताको कार्यालयबाट सबै सरकारी वकील कार्यालयहरुलाई परिपत्र भएकोमा देहायका सरकारी वकील कार्यालयहरुबाट मात्र वार्षिक कार्ययोजना प्राप्त भएको हुँदा प्राप्त वार्षिक कार्ययोजना स्वीकृत गरिएको छ । सम्वन्धित कार्यालयका लागि विनियोजित कार्यक्रम खर्चबाट उक्त कार्ययोजना बमोजिमका कार्य सम्पादन गरी सोको प्रतिवेदन यस कार्यालयमा पठाउनुहुन अनुरोध छ । आर्थिक वर्ष २०७५।०७६ को वार्षिक कार्ययोजना तयार गरी स्वीकृतिको लागि नपठाउने सरकारी वकील कार्यालयहरुले २०७५ साउन १५ गते सम्ममा कार्ययोजना तयार गरी पठाउनुहुन यस कार्यालयको मिति २०७५।०४।०१ गतेको निर्णयानुसार अनुरोध गर्दछु ।

**वार्षिक कार्ययोजना स्वीकृत गरिएका सरकारी वकील कार्यालयहरु:**

क. उच्च सरकारी वकील कार्यालयहरु: हेटौंडा ।

ख. जिल्ला सरकारी वकील कार्यालयहरु: दार्चुला, अर्घाखाँची, खोटाङ्ग, रुकुम पश्चिम भाग, डोटी, सुर्खेत, प्युठान, भक्तपुर ।

२०७५।०४।१

(बिमला गौतम)

शाखा अधिकृत

☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np